**२०७५ साल चैत्र २२ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को २६ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** " प्रदेश नं. ५ प्रदेश लोक सेवा आयोगको काम, कर्तब्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" प्रदेश सभाबाट फिर्ता लिन स्वीकृती प्रदान गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** गाउँसभा/नगरसभाको कार्यसञ्चालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश नं. ५ को प्रथम आवधिक योजना (आ.व. २०७६/७७ –आ.व. २०८०/८१)को आधारपत्र स्वीकृत गर्ने।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ स्वीकृत गर्ने ।

६. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** खजुरा गाउँपालिका, बाँकेको केन्द्र परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

७. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** कानून मस्यौदा तथा सुझाव आयोगको कार्यावधि थप गर्ने र आयोगका अध्यक्ष तथा सदस्यहरुको म्याद थप गर्ने।

८. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

९. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ को प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस संसदीय दलका नेता माननीय श्री बलदेव शर्मा पोखरेलको स्वास्थ्य उपचारका लागि रु. पाँच लाख सहायता उपलब्ध गराउने।

१०. **भौतिक पूर्वाधार विकास मन्त्रालयः** "प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५" स्वीकृत गर्ने।